
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत ७ गते मंगलबार ❑ 21 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## प्रधानमन्त्रीलाई विश्वासको मत प्राप्त

**रासस**
काठमाडौं, ६ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त भएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा प्रधानमन्त्री दाहालले पेस गर्नुभएको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा एक सय ७२ मत खसेको हो । मतदानमा दुई सय ६२ सांसद उपस्थित हुनुभएको थियो ।



सभामुख देवराज घिमिरेले मतविभाजनको परिणाम सार्वजनिक गर्दै उक्त प्रस्तावको पक्षमा एक सय ७२ मत खसेको र सो मत प्रतिनिधिसभाको तत्काल कायम सम्पूर्ण सदस्यको बहुमत पुगेकाले प्रधानमन्त्री दाहाललाई विश्वासको मत प्राप्त भएको घोषणा गर्नुभयो । प्रस्तावको विपक्षमा ८९ मत खसेको छ। विश्वासको मत दिन्न भन्नेमा एक मत परेको छ। प्रधानमन्त्री दाहाललाई नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल, नेकपा (एकीकृत समाजवादी), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा र आम जनता पार्टीका सांसद तथा स्वतन्त्र सांसद अमरेशकुमार सिंहले विश्वासको मत दिनुभयो।

नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदले विश्वासको मतको विपक्षमा मतदान गर्नुभएको थियो । नेपाल मजदुर किसान पार्टी भने तटस्थ बसेको थियो। गत पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएका प्रधानमन्त्री दाहालले पुस २६ गते प्रतिनिधिसभाबाट विश्वासको मत लिनुभएको थियो । त्यतिबेला उहाँलाई प्रतिनिधिसभाका दुई सय ७० सांसदमध्ये दुई सय ६८ सांसदले विश्वासको मत दिनुभएको थियो। राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनका सन्दर्भमा अघिल्लो गठबन्धनबीच मतैक्यता हुन नसकेर एमाले र राप्रपा सरकारबाट बाहिरिएपछि प्रधानमन्त्रीले विश्वासको मत लिने अवस्था आएको हो।

## पत्रकारको हितमा आमसञ्चार विधेयक : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ६ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पत्रकारको हित हुने गरी नै प्रदेश सरकारले आमसञ्चार विधेयक अघि बढाउने बताउनुभएको छ।

अनलाइन पत्रकार सङ्घ गण्डकीको तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनको सोमबार पोखरामा उद्घाटन समारोहमा उहाँले पत्रकारको हितमा सञ्चार विधेयक ल्याउने प्रतिबद्धता जनाउनुभएको हो । सरकारले आमसञ्चार विधेयक संसद्मा दर्ता गरेर पनि विचाराधीन अवस्थामा राखेको छ । विधेयक कहिले अघि बढ्छ भन्ने बारेमा भने उहाँले केही उल्लेख गर्नुभएन । मुख्यमन्त्री अधिकारीले अनलाइन समाचारले समाजमा नकारात्मक प्रभाव पारेको बताउँदै व्यवस्थित बनाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "अनलाइन पोर्टलको संख्या बढ्दै जाँदा गुणस्तरीयतामा ख्याल गरिएको देखिँदैन। कतिपय अनलाइन समाचारले समाजमा नकारात्मक प्रभाव पार्ने गरेको छ।



अनलाइन मिडियालाई नियमन गर्न आवश्यक छ।"

पत्रकारिता क्षेत्र गुणस्तरीय नहुँदा सोको असर अन्य क्षेत्रमा समेत पर्ने भएकाले मिडियालाई व्यवस्थित बनाउन मिडिया साक्षरता कार्यक्रम सञ्चालन गर्न मुख्यमन्त्रीले आग्रह गर्नुभयो।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य सरिता तिम्सिना पँगेनीले पत्रकार क्षेत्रको उन्नयनका लागि केही गर्न सके नै लोकतन्त्रको अनुभूति हुने बताउनुभयो । पत्रकारका मुद्दाहरूलाई सरकारले सुनवाइ गर्नुपर्नेमा उहाँको जोड थियो।

पत्रकार महासङ्घ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदीले प्रदेश सरकारले ल्याउन लागेको आमसञ्चार विधेयक पत्रकारमैत्री हुनुपर्ने बताउनुभयो । कास्की शाखाका अध्यक्ष विमला भण्डारीले अनलाइन मिडियामा आएका समस्यालाई समाधान गर्दै आमसञ्चार मिडियालाई प्रभावकारी बनाउन आवश्यक रहेको बताउनुभयो । अनलाइन पत्रकार संघ गण्डकीको अध्यक्षमा ढाका मोहन (गणेश) बराल सर्वसम्मत चयन हुनुभएको छ। सङ्घको आज सम्पन्न अधिवेशनले बरालको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको हो। उपाध्यक्षमा सन्तोष बस्याल, सचिवमा प्रह्लादचन्द्र घिमिरे र कोषाध्यक्षमा चन्द्रिका घिमिरे (अनिता) चयन हुनुभएको छ । यसैगरी, सदस्यहरूमा सुरेशराज अधिकारी, सरिता गुरुङ, प्रवीण मगर, निरज बसौला, ऋषिराम दाहाल, सञ्जय आचार्य, दीपकराज गिरी, शेखर कोइराला, शिव न्यौपाने, रोहित बास्तोला रहनुभएको छ । कार्यक्रममा सहभागी पत्रकारहरूले अनलाइन सञ्चारमाध्यम दर्तादेखि नवीकरणसम्मको काम झन्झटिलो रहेको उल्लेख गर्दै गण्डकी प्रदेशको राजधानी पोखरामा नै नवीकरण गर्ने व्यवस्था मिलाउने गरी नीति बनाउन आग्रह गरेका थिए।

## एमालेलाई एक्ल्याउने र किनारा लगाउने काम भएको छ- उपाध्यक्ष पौडेल

**रासस**
काठमाडौं, ६ चैत

नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले प्रधानमन्त्रीलाई विश्वासको मत दिने आधार र कारण एमालेले नदेखेको बताउनुभएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पेस गर्नुभएको विश्वासको मतसम्बन्धी प्रस्तावमाथि भएको छलफलमा उहाँले एमाले उक्त प्रस्तावको विपक्षमा उभिने विचार प्रकट गर्नुभयो । प्रतिनिधिसभाको निर्वाचनपछि एमाले राष्ट्रिय सहमतिका पक्षमा रहेको तर अहिले एमालेलाई मात्र एक्ल्याइएको भन्दै उपाध्यक्ष पौडेलले एमालेविनाको कस्तो राष्ट्रिय सहमति खोजिएको हो भनी जिज्ञासा राख्नुभयो । उपाध्यक्ष पौडेलले भन्नुभयो, "राष्ट्रिय सहमतिका नाममा एमालेलाई एक्लो बनाउने, किनारा गराउने, शत्रुता र कटुताको परिस्थिति निम्त्याएर राष्ट्रलाई द्वन्द्वतर्फ धकेल्ने काम गरिएको छ ।" उहाँले स्थिरताका नाममा अहिले भइरहेका अभ्यासले राजनीतिक स्थिरता होइन, अस्थिरता हुने खतरा देखिएको बताउनुभयो।

मुलुकको अर्थतन्त्रका बारेमा प्रधानमन्त्रीले राख्नुभएको अभिव्यक्तिबीच मेल नखाएको बताउँदै पूर्वअर्थमन्त्री पौडेलले विभिन्न कारणबाट मात्रै विदेशी मुद्राको सञ्चित सकारात्मक हुन पुगेको दाबी गर्नुभयो।

उहाँले भन्नुभयो, "हाम्रो राजस्वले साधारण खर्च पनि धान्न नसक्ने अवस्था छ, पुँजीगत खर्चको अवस्था पनि त्यति उत्साहजनक देखिन्न, सरकार संसदीय अङ्कगणितमा केन्द्रित हुँदा धरासयी हुँदै गएको अर्थतन्त्र सुधार गर्नेतर्फ ध्यान केन्द्रित हुने सङ्केत देखिन्न।"

## सधैँ राजनीतिक स्थिरता र समृद्धिका पक्षमा छौँ : सभापति देउवा

**रासस**
काठमाडौं, ६ चैत

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली कांग्रेस सदैव राजनीतिक स्थिरता र देशको समृद्धिका पक्षमा उभिएको बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई विश्वासको मत दिने प्रस्तावका पक्षमा आफ्नो धारणा व्यक्त गर्दै संविधान प्रदत्त राजनीतिक व्यवस्था, राजनीतिक स्थिरता र देशको समृद्धिका पक्षमा सधैँ उभिइरहने बाचा गर्नुभयो।

गत पुस २६ मा प्रधानमन्त्री दाहाललाई विश्वासको मतका लागि प्रस्ताव प्रस्तुत गर्दा देशका प्रमुख एजेण्डाका बारेमा उल्लेख गरेको जानकारी गराउँदै सभापति देउवाले प्रतिनिधिसभाको पूर्ण कार्यकालको सुनिश्चितता र समग्रमा राजनीतिक स्थिरताका लागि प्रस्तावका पक्षमा मतदान गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "त्यसबेला पनि मैले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण, संविधानको रक्षा र सार्थक कार्यान्वयन, मुलुकमा राजनीतिक स्थिरताको सुनिश्चितता हाम्रो आधारभूत आवश्यकता भएकोतर्फ सदनको ध्यान आकृष्ट गरेको थिएँ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामार्फत नै मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न सकिन्छ भन्ने विषयमा जोड दिएको थिएँ र राजनीतिक स्थिरतालाई पूर्वशर्तका रुपमा उल्लेख गरेको थिएँ।" त्यतिबेला संसद्मा प्रमुख विपक्षी दलका रुपमा रहेर पनि प्रधानमन्त्रीको प्रस्तावका पक्षमा मतदान गरेको उल्लेख गर्दै उहाँले त्यो मतदान राजनीतिक स्थिरताका लागि भएको र आफूले प्रधानमन्त्रीको प्रस्तावमा समर्थन गर्दा संसद्को अधिवेशनको प्रारम्भमा नै अस्थिरताका आवाज उठ्न थालेको बताएको स्मरण गर्नुभयो । "हामीले अपनाएको मिश्रित निर्वाचन प्रणालीले समावेशी चरित्रको समाज निर्माण गर्ने हाम्रो उद्देश्यलाई सार्थक तुल्याएको छ।

यसले सबै लिङ्ग, वर्ग, जाति, समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ । तर यो प्रणालीमा कुनै एकमात्र दलले प्रतिनिधिसभामा बहुमत ल्याउनसक्ने अवस्था प्रायःनहुने भएकाले गठबन्धनको संस्कृतिलाई आत्मसात् गर्नुपर्ने हुन्छ", सभापति देउवाले भन्नुभयो । राजनीतिक गठबन्धन आत्मकेन्द्रित, स्वार्थ प्रेरित, क्षणिक र अस्थिरता ल्याउने हुन नहुनेमा जोड दिँदै उहाँले देश र जनताका पक्षमा, संविधानको रक्षा गर्ने र देशमा स्थिरता, अमनचयन, शान्ति र विकासका लागि गठबन्धन केन्द्रित हुन आवश्यक रहेको उल्लेख गर्नुभयो छ।

## राष्ट्रिय हितमा दायाँबायाँ हुन्न : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ६ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रिय हित र प्रक्रियाअनुसार नै अगाडि बढेको र त्यसमा दायाँबायाँ नहुने बताउनुभएको छ।


संविधान र नियमानुसार नै सरकार अगाडि बढेको र आफू सोहीअनुसार नै क्रियाशील रहेको उहाँले स्पष्ट पार्नुभयो । प्रतिनिधिसभाको आजको बैठकमा प्रधानमन्त्रीले राख्नुभएको विश्वासको मतसम्बन्धी प्रस्तावमाथि सांसदहरूले उठाउनुभएको प्रश्नको जवाफमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।**

- ◆ सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- ◆ सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- ◆ सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
- ◆ सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
- ◆ सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# प्रधानमन्त्री श्री नेशन्स कप फुटबल यसै सातादेखि

**रासस**
काठमाडौं, ६ चैत

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को आयोजनामा प्रधानमन्त्री श्री नेशन्स कप फुटबल प्रतियोगिता यसै सातादेखि राजधानीमा सुरु हुने भएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा यही चैत ८ देखि १७ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा विभिन्न तीन राष्ट्रको सहभागिता रहने एन्फाका प्रवक्ता सुरेश शाहले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा आयोजक नेपालसहित भुटान र लाओसको सहभागिता रहनेछ।

प्रतियोगिताको लागि भुटान र लाओसका खेलाडी नेपाल आइसकेका छन्। प्रतियोगिता सिङ्गल राउन्ड रोबिनका आधारमा हुनेछ । प्रतियोगितामा प्रथम हुने टोलीले पाँच हजार अमेरिकी डलर प्राप्त गर्नेछन् भने दोस्रो हुने टोलीले तीन हजार अमेरिकी डलर पाउनेछन्। त्यसैगरी हरेक खेलमा म्यान अफ द म्याच घोषित हुने खेलाडीलाई २५० अमेरिकी डलर प्रदान गरिने एन्फाले जनाएको छ। प्रतियोगितामा उत्कृष्ट घोषित हुने खेलाडीलाई पाँच सय अमेरिकी डलर प्रदान गरिनेछ । प्रतियोगिताको खेल हेर्नका लागि एन्फाले साधारण प्याराफिटतर्फ रू पाँच सय र भिआईपीतर्फ रू एक हजार मूल्य तोकिएको छ। दर्शकले खल्ती एप वा दशरथ रङ्गशालामा रहेको खल्तीका स्टलबाट टिकट खरिद गर्न सक्नेछन्। प्रतियोगिताका लागि रू एक करोड ७५ लाख ६६ हजार चार सय ८० खर्च लाग्ने आयोजकले जनाएको छ।

# नेपाल भारतसँग पराजित

**रासस**
काठमाडौं, ६ चैत

साफ यू-१७ महिला च्याम्पियनशिप फुटबल प्रतियोगिताको पहिलो खेलमा नेपाल भारतसँग पराजित भएको छ।

बङ्गलादेशको ढाकास्थित वीर श्रेष्ठ शहीद सिपाही मुस्तफा कमल स्टेडियममा सोमबार भएको खेलमा भारतले नेपाललाई ४-१ गोलअन्तर पराजित गरेको हो। भारतको जितमा शिल्जी शाजीले ह्याट्रिक पूरा गरिन् भने पूजाले एक गोल गरिन्।

नेपालका लागि वर्षा ओलीले एक गोल फर्काइन्। खेलको दसौँ मिनेटमा भारतकी शिल्जी शाजीले गोल गर्दै सुरुआती अग्रता दिलाइन्।

# महिला नेतृत्व शिखर सम्मेलन आयोजना हुँदै

**रासस**
काठमाडौं, ६ चैत

नेपाल उद्योग परिसङ्घले यही चैत ११ र १२ गते काठमाडौँमा ' महिला नेतृत्व शिखर सम्मेलन २३' (वुमेन्स लिडरसिप समिट २३) आयोजना गर्ने भएको छ।

परिसङ्घ महिला नेतृत्व मञ्चको संयोजनमा आज आयोजित पत्रकार सम्मेलनमार्फत दुई दिने अन्तर्राष्ट्रिय सम्मेलनको जानकारी गराइएको हो। कोभिड-१९ महामारीपछि महिला नेतृत्वका तीन वटा प्रमुख क्षेत्रमा केन्द्रित रहेर सम्मेलन आयोजना गर्न लागिएको परिसङ्घले जनाएको छ। "कोभिड-१९ का कारण महिलामा परेको असर, त्यसका विषयमा छलफल र समाधान खोज्ने उद्देश्यले सम्मेलन आयोजना गर्न खोजिएको हो", परिसङ्घका उपाध्यक्ष निर्वाण चौधरीले भन्नुभयो । सम्मेलनमा लैङ्गिक समानताका विषयसहित महिला नेतृत्वहरूबीच विचार आदानप्रदान गर्ने, साझा रणनीति बनाउने, महिलाका सफलता सुनाउने, महिलालाई प्रोत्साहित गर्ने र एकअर्काबाट सिक्ने अवसर प्राप्त हुने उहाँको भनाइ छ। नेतृत्वमा महिला, अर्थतन्त्रमा महिलाको योगदान र परिवर्तनका संवाहक महिला विषयमा छुट्टाछुट्टै सत्रमा छलफल हुने परिसङ्घ महिला उद्यमी मञ्चका सभापति छायाँ शर्माले बताउनुभयो। उहाँका अनुसार सम्मेलनका विभिन्न सत्रमा नेपालसहित भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश, भूटान, माल्दिभ्स, जर्मनीलगायत मुलुकका राजनीति, आर्थिक, सामाजिक, वातावरणलगायत क्षेत्रमा स्थापित एवं प्रभावशाली व्यक्तित्वको सहभागिता रहनेछ।

सम्मेलनमा सामाजिक र सूचना प्रविधि क्षेत्रमा उच्च योगदान पुऱ्याउनुभएका दुई जना महिलालाई सम्मान गरिनेछ। साथै, उद्यमशीलता प्रवर्द्धनका लागि महिला उद्यमीबाट उत्पादित स्वदेशी वस्तुहरूको प्रदर्शनीसमेत गरिनेछ । दुई दिने महिला नेतृत्व शिखर सम्मेलनको निष्कर्ष एवं सुझाव सरकारलाई हस्तान्तरण गरिने पनि परिसङ्घले जनाएको छ।

## राष्ट्रिय...

उहाँले राष्ट्रको बृहत्तर हितलाई केन्द्रमा राखेर सरकार अगाडि बढ्ने उल्लेख गर्नुभयो। प्रधानमन्त्री दाहालले जटिल र अप्ठ्यारो परिस्थितिमा राज्यबाट उत्पीडित वर्ग, समुदाय र तप्कालाई अधिकार सम्पन्न बनाउन योगदान गरेका राजनीतिक दल र नयाँ राजनीतिक दलको योगदान र पुराना अनुभव तथा नयाँको काम गर्ने तरिकाबीच तालमेल गरेर जान जरुरी रहेको बताउनुभयो। आफूहरू एउटा राजनीतिक प्रणालीबाट अर्को प्रणालीमा आएको, राजतन्त्रबाट गणतन्त्रमा, एकात्मकताबाट सङ्घीयतामा आएको तथ्य पेस गर्दै प्रधानमन्त्री प्रचण्डले ऐतिहासिक शान्ति सम्झौता, संविधान, गणतन्त्रका साथसाथै लोकतन्त्रमा नयाँ खालको अभ्यास गरिएको स्पष्ट पार्नुभयो।



पोखराको पर्वतीय सङ्ग्रहालयको अवलोकन :
पोखरा महानगरपालिका-१७ रातोपैरोस्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयको अवलोकन गर्दै पर्यटक। तस्बिर : राधिका कँडेल

# आलु महोत्सवलाई युवाले सघाउने प्रतिबद्धता

**समिक्षा गौतम/ रन्जिता आचार्य**
पोखरा, ६ चैत



११ औं राष्ट्रिय हेमजा आलु महोत्सव-२०७९ लाई हेमजाका युवाले सघाउने प्रतिबद्धता गरेका छन् । महोत्सव यही चैत २६ गतेदेखि बैशाख ३ गतेसम्म हुदैछ।

मूल आयोजक समितिले सोमबार राखेको युवाको भेलाका सहभागीले आलु महोत्सव समग्र हेमजाको पहिचानसँग जोडिएको भन्दै त्यसलाई सफल बनाउन सहकार्य गर्ने प्रतिबद्धता जनाएका हुन् । हेमजा युनाइटेडका अध्यक्ष राजेस त्रिपाठी, युवा रेडक्रस सरकल हेमजाका अध्यक्ष अनिल पौडेल, अम्बिका मा.बि शिक्षक अभिभावक संघका अध्यक्ष मादेब अधिकारी लगाएतले भनाइ राख्नुभएको थियो ।

भेलाले आलु महोत्सवमा हेमजा लगायत यस क्षेत्रका बासिन्दाको सहभागिता बढाउने निर्णय पनि गरेको छ। त्यस अवसरमा मूल आयोजक समिति संयोजक सुविन श्रेष्ठ, महासचिव वसन्तकुमार श्रेष्ठ, युवा परिचालन उप समिति संयोजक अमित तिमिल्सिना, लगायतले सहजीकरण गर्नुभएको थियो।

महोत्सव आकर्षणहरुमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड, आलुका विभिन्न परिकार, विविध सांस्कृतिक कार्यक्रम, रत्यौली प्रतियोगिता प्रदेशस्तरीय कृषि दोहोरी गीत प्रतियोगिता, कृषि झाँकी प्रतियोगिता, पप कन्सर्ट, हास्य कलाकारको प्रस्तुति, जापानीय सुन्तला, च्याउ, कफी, चियाको बिक्री एवम् प्रदर्शनी, कृषि बीउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी लगायत रहेका छन्।

# पोखरा स्पोर्टस् अवार्डलाई पुन परिवारको साथ

**प्रतिक्षा पौडेल/ रन्जिता आचार्य**
पोखरा, ६ चैत



नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा संचालन हुने सातौं संस्करणको पोखरा स्पोर्टस् अवार्ड-२०७९ लाई सफल पार्न पोखरा-१० रामबजार निवासी स्व. सेनानी हेमबहादुर पुनको स्मृतिमा उनको परिवारले सघाउने भएको छ।

शुक्रबार अवार्ड अर्न्तगत ' उत्कृष्ट खेल पत्रकारिता पुरस्कार' शिर्षकमा प्रायोजना गर्ने गरि स्व.सेनानी पुन परिवार र मञ्चविच समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो अवसरमा स्व. पुन परिवारको तर्फबाट नाति नविन पुन र मञ्चका अध्यक्ष दीननाथ बरालले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन्। उत्कृष्ट खेल पत्रकारिताको पुरस्कार राशी नगद ३५ हजार रुपैयाँ रहेको छ। सो कार्यक्रममा पुन परिवारका लोक पुन, उमेश पुन , मञ्चका सचिव शशी कुमार पौडेलको उपस्थिती रहेको थियो । मञ्चले आयोजना गर्ने उक्त अवार्डमा आफ्नो परिवारजनबाट निरन्तर रुपमा सहयोग गर्न पाएकोमा नेपाल सेभेन ए साइड फुटवल महासंघका केन्द्रिय अध्यक्ष समेत रहेका नविन पुनले खुःशी व्यक्त गरे । मञ्चका कार्यसमिति सदस्य समेत रहेका उमेश पुन स्व.सेनानी हेमबहादुरका नाति हुन् । पुन परिवारले स्पोर्टस् अवार्डमा हरेक वर्ष लगातार उक्त विधामा सहयोग गर्दै आएको छ। गण्डकी प्रदेशकै गौरव पोखरा स्पोर्टस् अवार्डमा विभिन्न ७ विधामा अवार्ड प्रदान गरिनेछ । आगामी वैशाख २३ मा पोखरा सभागृहमा गण्डकी प्रदेशस्तरको प्रतिनिधित्व हुने गरी मञ्चले ती विधामा अवार्ड प्रदान गर्नेछ । जसमा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ, उत्कृष्ट खेल पत्रकारिता अवार्डमा नगदसहित अवार्ड वितरण गर्नेछ। मञ्चले अवार्ड कार्यक्रमको तयारीलाई तिव्रता दिएको छ । अवार्डलाई सफल बनाउन गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद गण्डकी, सहारा क्लव पोखरा लगायतले सघाउने छन् । यसका साथै अवार्डलाई सफल बनाउन विभिन्न संघसंस्थाका साथै व्यापारिक प्रतिष्ठानहरुबाट पनि सघाउने प्रतिवद्धता आइरहेको मञ्चका सचिव पौडेलको जानकारी दिए।

# तनहुँ जलविद्युत् आयोजनाको प्रगति ३४ प्रतिशत

**रासस**
तनहुँ, ६ चैत

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको हालसम्म ३४ प्रतिशत भौतिक प्रगति भएको छ।

आयोजनाका प्रबन्ध निर्देशक किरण श्रेष्ठले आयोजनाले हालसम्म रु १३ अर्ब ७५ करोड ६७ लाख ५० हजार खर्च गरेको जानकारी दिनुभयो । उहाँका अनुसार आयोजनाको पहिलो प्याकेजअन्तर्गत १४० मिटर अग्लो बाँधलगायतका संरचना सोङ्ग दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन प्रालि नेपाल जे.भी.ले निर्माण गरिरहेको छ।

सोअन्तर्गत अहिले मुख्य बाँध निर्माणका लागि नदी फर्काउन आवश्यक डाइभर्सन सुरुङ, बाँधको माथिल्लो भाग तथा स्लोप खन्ने कार्य, प्रवेश सडकको स्तरोन्नतिलगायतका काम भइरहेका छन्। आयोजनाको सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत दोस्रो प्याकेजको निर्माण सिनो हाइड्रो, चीनले गरिरहेको छ। आयोजनाको तेस्रो प्याकेजअन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माण कार्य केइसी, भारतले गरिरहेको छ।

आयोजनाको समग्र निर्माण २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको आयोजनाले जनाएको छ । तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडीबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको जनाइएको छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आज आयोजनाको स्थलगत निरीक्षण गरी निर्धारित मितिभित्रै आयोजना सम्पन्न गर्न निर्देशन दिनुभयो।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

- एल्फ्रेड डे

## सम्पादकीय

# प्रचण्डलाई विश्वासको मत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधि सभामा दोस्रोपटक विश्वासको मत प्राप्त गरेका छन।प्रतिनिधि सभाका २७५ सदस्य मध्ये प्रधानमन्त्री 'प्रचण्ड'ले १७२ मत पाएका छन । प्रधानमन्त्रीको विपक्षमा दुई दलका तर्फबाट ८९ मत पऱ्यो ।यसअघि पुस २६ गते २७१ मत पाएका थिए । सदनबाट प्रचण्ड समर्थन पाएका प्रधानमन्त्री प्रचण्डले ६९ दिनमा संसद्‌को दोस्रो ठूलो दल नेकपा एमाले र पाँचौं दल राप्रपाले विपक्षमा मत दिएका छन।संसदको चौथो दल रास्वपाले विश्वासको मत दिएपनि विपक्षमा बसेको । प्रधानमन्त्री 'प्रचण्ड'लाई नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, स्वतन्त्र सांसद अमरेशकुमार सिंह, प्रभु साहको आम जनता पार्टी, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी, राष्ट्रिय जनमोर्चा ले विश्वासको मत दिए ।

प्रतिनिधि सभामा कांग्रेसका ८८ एमालेका ७९, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका १९, राप्रपाका १४, जसपाका ११, एकीकृत समाजवादीका १०, जनमतका छ, लोसपाका चार र नागरिक उन्मुक्तिका चार सदस्य छन । नेपाल मजदुर किसान पार्टीका प्रेम सुवालले मत दिएनन् । १० जना अनुपस्थित थिए । तीन सांसद पद रिक्त छ । आलोपालो प्रधानमन्त्री दिन तयार नभएका कांग्रेस सभापति शेरबहादुर देउवा प्रचण्डलाई विश्वासको मत दिएर नेकपा एमाले गठबन्धन भत्काएर तीन महिना भित्र सरकारमा पुग्ने भएका छन । नेपालका कम्युनिस्ट र राष्ट्रवादी शक्तिलाई एक हुन नदिने मिसनमा काङ्ग्रेस सफल भएको छ ।

प्रधानमन्त्री दाहालका निम्ति भविष्यमा अनेकन चुनौती भए पनि अहिले यो एउटा अवसरका रूपमा आएको छ। ओलीले सहमति गरेर पनि प्रधानमन्त्री बन्न नपाएको गुनासो गर्ने दाहालले ओलीको प्रस्तावमा सरकारको नेतृत्व गर्ने र एमालेलाई धोका दिएका छन । कांग्रेसले दाहाललाई विश्वासको मत दिएर राष्ट्रपति पाएको छ ।। दाहाललाई प्रधानमन्त्री नदिएर सत्ता साझेदारी गर्नबाट वञ्चित भएका देउवाले बाम, राष्ट्रवादी गठबन्धन भत्काउन र राजनीतिक अस्थिरता निम्त्याउने काम गरेका छन । सत्ताको यो खेल आगामी दिनमा अरू रोचक हुने संकेत यसले दिएको छ ।

दाहालको उपयोग गर्ने नितिले अहिलेकै सरकारको निरन्तरता पाँच वर्षसम्मै नहुन पनि सक्छ। त्यो बेलामा अहिले समर्थन गर्ने प्रमुख दलको छटपटी हेर्न लायक हुनेछ। नयाँ र साना दललाई सत्ताभन्दा बाहिर बस्नै नसक्ने अवस्थामा पुऱ्याएका कारण पनि दाहालका निम्ति पद बाँडफाँट गर्दै अघि बढ्न सहज छैन । आफूमाथि प्राप्त विश्वासलाई कायम गर्दै काङ्ग्रेसको दह्रो आडमा अघि बढ्न दाहाललाई सफलता मिलोस शुभकामना ।

# पर्वतमा जग्गा कारोबार ठप्प

**पोखरापत्र संवाददाता**
पर्वत, ६ चैत

पर्वतमा जग्गा वर्गीकरणमा ढिलाइ हुँदा झण्डै १० महिनादेखि जग्गाको कारोबार ठप्प बनेको छ ।

जिल्लाका स्थानीय तहहरूले जग्गा वर्गीकरण गर्न नसक्दा कित्ताकाटदेखि खरिद बिक्रीलगायत कारोबार गत असारदेखिनै ठप्प बनेका हुन् । कतिपय पालिकाले भूउपयोग कार्यान्वयन समिति गठन गरे पनि केही पालिकाले गठनसमेत गर्न सकिरहेका छैनन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको निर्देशिका र परिपत्रबमोजिम स्थानीय तहहरूले वर्गीकरणको काम थालनी गर्न नसक्दा जग्गाको कारोबार हुन नसकेको हो । भूउपयोग ऐन २०७६ र नियमावली २०७९ मा जग्गाको वर्गीकरण गरेपछि मात्रै कित्ताकाट, खरिद बिक्री गर्न पाउने व्यवस्था रहेको छ । सोही व्यवस्थाको कार्यान्वयनमा कडाइ गर्न सबै सात सय ५३ वटै पालिकालाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गत जेठ २७ मा जमिनको खण्डीकरण रोक्न भनिएको थियो । परिपत्रमा स्थानीय भूमि वर्गीकरण समितिले खेतीयोग्य, गैरखेतीयोग्य, भिर, पाखोलगायत १० प्रकारमा वर्गीकरण गरेको जग्गा मात्रै कित्ताकाट गर्ने र खरिद बिक्री गर्न पाउने व्यवस्था गरेको छ । वर्गीकरण नभई जग्गाको कित्ताकाट र खरिद बिक्री गर्न नपाउने भएपछि मालपोत कार्यालयमा जग्गाको कारोबार रोकिएको छ । जग्गाको कारोबार नहुँदा सधैँजसो सेवाग्राहीको चाप हुने कार्यालयका कर्मचारी फुर्सदिला हुन थालेका छन् । भूउपयोग नियमावली २०७९ अनुसार पालिका प्रमुखको अध्यक्षतामा भूउपयोग कार्यान्वयन समिति गठन हुनुपर्ने व्यवस्था रहेको छ । सोही व्यवस्थाअनुसार गठित समितिले गरेको वर्गीकरणअनुसार जग्गाको कित्ताकाट, खरिद बिक्री, मूल्याङ्कन हुने व्यवस्था गरेको भए पनि पर्वतका सातवटै पालिकामा समिति सक्रिय हुन सकेका छैनन् ।

जिल्लाको सबैभन्दा बढी घरजग्गा कारोबार हुने कुश्मा नगरपालिकामा समिति गठन भए पनि कार्यान्वयनमा जान सकेको छैन । नगरप्रमुख रामचन्द्र जोशीका अनुसार समिति गठन सकिएर जग्गा वर्गीकरणका लागि प्राविधिक टोलीले काम अघि बढाउने तयारी गरेको छ । "समितिमा कतिपय पदेन सदस्य हुने व्यवस्था रहेछ", उहाँले भन्नुभयो, "सम्बन्धित विषयविज्ञ छनोट गर्ने काम भएको छ । अब वर्गीकरणका सूचक तयार गरेर फिल्डमा खटिने तयारी गरेका छौँ ।" जिल्लाको फलेवास नगरपालिकाले पनि समिति गठन गरिसकेको प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद पौडेलले बताउनुभयो । विज्ञ सदस्यसहितको समिति गठन भएर वर्गीकरणको काम अघि बढाउन कार्यपालिकाको निर्णय कुरेर बसेको उहाँले बताउनुभयो । नियमावलीमा कृषियोग्य जग्गाको वर्गीकरणका लागि छ महिनाको समयसीमाको व्यवस्था छ । गत जेठ दोस्रो साता जारी नियमावलीअनुसार नै मन्त्रालयले जिल्ला मालपोत कार्यालयलाई पत्राचार गरेको थियो ।

नियमावलीअनुसार भूमि वर्गीकरणका लागि स्थानीय पालिकाको भूमिका प्रमुख रहने व्यवस्था रहेको छ । कृषियोग्य जमिनको खण्डीकरण रोक्ने, व्यवस्थित र सुरक्षित बसोबाससहित जग्गाको व्यवस्थित व्यवस्थापनको उद्देश्यले ऐन र नियमावली ल्याइएको मालपोत कार्यालय पर्वतका सूचना अधिकृत उमेश सापकोटाले बताउनुभयो । गत जेठदेखि अंशबण्डालगायतका कारबार ठप्पै रहेको सापकोटाले बताउनुभयो । घरजग्गाको कारोबार पनि निकै कम बनेको छ । एकल कित्ताबाहेकको खरिद बिक्री हुन छाडेको उहाँले बताउनुभयो । स्थानीय तहले ऐन कार्यान्वयन गरेर सिफारिस नगरेसम्म यस्तै अवस्था रहने उहाँको भनाइ छ । जिल्लाको मोदी, जलजला, महाशिला, पैयु र विहादीले समिति गठनको प्रक्रिया आरम्भ गरेको जनाएका छन् ।

# दीर्घकालीन सडक : गलकोटको प्राथमिकता

**-खेमराज गौतम**
बागलुङ, ६ चैत (रासस)

हिउँदमा मर्मत गरेको ग्रामिण सडक बर्खामा उस्तै हुन्छ । अर्कोपटक त्यही सडकलाई बजेट माग हुन्छ । यो नियती व्यहोर्दै आएको गलकोट नगरपालिकाले भने थोरै सडक बनाउने तर पक्की बनाउने अभियान थालेको छ ।

बागलुङको गलकोट नगरपालिका लगानी गरेको सडक हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे भएपछि थोरै काम गर्ने तर पक्की सडक बनाउने लक्ष्यमा अघि बढेको छ । ग्रामिण सडकमा लगानी बालुवामा पानी भएपछि नगरपालिकाले सडक सुधारका लागि दीर्घकालीन योजना ल्याएको छ । ग्रामीण सडकले हिउँद र बर्खा दुवै याममा दुःख दिइरहन थालेपछि नगरपालिकाले ग्रामिण सडक पक्की बनाउने अभियान थालेको हो । "दोस्रो कार्यकालका लागि नगरप्रमुखमा निर्वाचित भए, पाँच वर्षमा अधिकांश सडकमा बजेट पुग्यो, तर उपलब्धी देखिएन, हिउँदमा मर्मत गरेको सडक बर्खामा बगेर जाँदो रहेछ, अर्कोवर्ष फेरी उस्तै", नगरप्रमुख भरत शर्मा गैरेले भन्नुभयो, "नगरको बजेट र साझेदारीमा आउने प्रदेश सरकार र सङ्घीय सरकारको बजेटमा पक्की सडक मात्रै बनाउने योजना राख्न थालेका छौं, थोरै सडक बनाउने तर पक्की बनाउँदा दीर्घकालीनरुपमा फाइदा पुग्दो रहेछ, अहिले ग्रामिण सडक धमाधम ढलान गर्ने काम भइरहेको छ ।" ग्रेड नमिलेका सडकका घुम्ती ढलान गर्ने, पक्की नाली, कल्भर्ट र कजवे बनाएर वर्षैभर सवारी चल्न सक्ने सडक बनाउने काम थालिएको नगर प्रमुख गैरेको भनाइ छ । नगरपालिकाले अहिले दीर्घकालीन सडकमा लगानी गर्ने सङ्कल्प गरेको जनाउँदै बरु पुरै सडक पक्की नभए, घुम्ती ढलान, नाली लगायतका पूर्वाधारका काम गराउने गरी कर्मचारी र जनप्रतिनिधिलाई भनिएको छ। अहिले नगरपालिकाको केन्द्र रहेको वडा नं ६ मा झण्डै एक किलोमिटर सडक ढलान भइसकेको नगरपालिकाले जनाएको छ । अहिले वडा नं ६ मा सञ्चालित नगरपालिका र गण्डकी प्रदेश सरकारको साझेदारीमा चार सडक निर्माणाधीन रहेको बताउँदै सबै सडक थोरै भए पनी पक्की र दीर्घकालीन बनाइने वडा नं ६ का वडाध्यक्ष रामप्रसाद कंडेलले जानकारी दिनुभयो । उहाँका अनुसार अहिले वडामा चार सडकमा नगरपालिका र प्रदेश सरकारको रु एक करोडको योजना सञ्चालित रहेको र एक किमि सडक ढलान भइसकेको तथा चालु आर्थिक वर्षमा थप एक किमि सडक ढलान गर्ने योजना रहेको छ । वडामा नौविसे-जामुनडाँडा सडकमा रु ४० लाख, चरौदी-नेपाने-काथशा सडकमा रु २५ लाख, ठूलाथर-भुजुङ्गे सडकमा रु २० लाख र जङ्गरा-दर्मा हुँदै लामिडाँडा सडकमा रु १६ लाख बजेट विनियोजन भएर काम भएको थियो । चार सडकलाई नै पक्की बनाउने योजना नगरपालिकाको छ । "थोरै सडक बनाउने तर पक्की बनाउने, अर्को वर्ष उक्त स्थानमा लगानी गर्न नपरोस् भन्ने हो, अहिले हाम्रै वडामा दुई किलोमिटर सडक ढलान भई सकेछ, अन्य सडकको पक्की नाली तथा पहिरो रोकथामका लागि काम भइरहेको छ", वडाध्यक्ष कंडेलले भन्नुभयो, "कतिमा नगरपालिकाको केन्द्र रहेको वडामा हेर्न लायक ग्रामिण सडक बनाउने हाम्रो अठोट हो, कनिका छ्रेजस्ते बजेट छर्दा बजेट सदुपयोग भएन, थोरै गर्ने तर पक्की बनाउने हाम्रो नीति हो ।" नौबीसे-जामुनडाँडा सडकमा तीन सय ८० मिटर सडक पूर्ण पक्की बनाएर ढलान गरिएको छ । यस्तै चरौदी-नेपाने-काथशा सडकमा एक सय ४५ मिटर सडक ढलान गरिएको छ भने ठूलाथर-भुजुङ्गे सडकमा दुई सय मिटर सडक ढलान गरिसकिएको छ । यस्तै जङ्गरा-दर्मा हुँदै लामिडाँडा सडकमा एक किमि सडक ढलान गर्ने गरी ढुङ्गा सोलिङ गरिसकिएको छ ।

एक वर्षमा दुई किमि सडक ढलान हुनु भनेको ग्रामिण सडकमा ठूलो प्रगती भएको वडाध्यक्ष कंडेलको भनाइ छ । उहाँले पाँच वर्षमा जति सकिन्छ सबै सडक पक्की बनाउने गरी योजना अगाडी बढेको बताउनुभयो । "डोजरे विकासले विनास मात्रै गऱ्यो, एक किमि सडक बनाउनभन्दा सय मिटर सडक बनाउने तर पक्की बनाउने भन्ने हाम्रो योजना हो", उहाँले भन्नुभयो, "वर्षातमा पहिरोको प्रकोप कम गर्नसमेत पक्की सडक भरपर्दो हुनेछ ।" नौबिसेदेखि जामुनडाँडा जाने सडक पूरै पक्की र ढलान भएपछि नियमित सवारी चल्न थालेको वडाध्यक्ष कंडेलले जानकारी दिनुभयो । नगरपालिकाको वडा नं २ मा समेत पक्की सडक बनाउने अभियान रहेको वडाध्यक्ष तथा नगर प्रवक्ता हिमबहादुर भण्डारीले बताउनुभयो ।

भण्डारीका अनुसार नगरपालिकाले पुरानो बजार क्षेत्र रहेको हरिचौर, काँडेवास क्षेत्रमा सडक ढलान गरिएको, असजिलो घुम्ती सडक ढलान गरेर सवार सिाधनलाई सहजता दिएको बताउनुभयो । "वडा भर नै नाली निर्माणको अभियान छ, नाली निर्माण भएपछि कच्ची सडकमा समेत ट्याक्सी गुड्न थालेका छन्, बजेटले भ्याएसम्म पक्की बनाउने नत्र सडक नाली मात्रै भए पनि बनाउँदा ग्रामिण सडक सुध्रेको पाएका छौं, यो अभियान नगरपालिका भर हो, केही वडामा धेरै राम्रो काम भइरहेको छ", भण्डारीले भन्नुभयो, "तोरखीखोलादेखि बतासे हुँदै ठाना पुग्ने सडक पनि ढलान गरेर वर्षातमा अवरोध नआउने बनाइसकेका छौं ।"

**पसल बिक्रीमा**

पोखरा रानीपौवा टेलिकम पुरानो गेट अगाडि अत्यन्त चालु अवस्थामा रहेको सन्ध्या ब्यूटीपार्लर एण्ड कस्मेटिक पसल तुः बिक्रीमा छ ।

सम्पर्कः ९७६५९३०३५८

# स्वास्थ्यका सेवा पारदर्शी बनाउन मासिक 'बुलेटिन'

**पोखरापत्र संवाददाता**
पोखरा, ६ चैत

स्वास्थ्य कार्यालय बागलुङले सेवा प्रवाहको जानकारी र मासिक कार्ययोजनाको विषयमा सूचना प्रवाह गर्न मासिक 'बुलेटिन' प्रकाशन सुरु गरेको छ ।

कार्यालयका काम कारबाहीलाई खुला, पारदर्शी र प्रभावकारी बनाउन बुलेटिन प्रकाशन सुरु गरिएको कार्यालय प्रमुख प्रवीण शर्माले बताउनुभयो । "हाम्रो बुलेटिन सामान्य खर्चमा प्रकाशन हुन्छ, ई-बुलेटिन भएकाले कार्यालयको फेसबुक पेज र वेबसाइटमार्फत सबैको बीचमा पुऱ्याएका छौँ", शर्माले भन्नुभयो, "कार्यालयको सूचना बोर्डमा एक प्रति टाँस गरेर कार्यालय आउनेका लागि जानकारी गराउने गरिएको छ ।" बुलेटिनमा हरेक महिना स्वास्थ्य कार्यालयले सञ्चालन गरेका गतिविधि तथा स्थानीय तहले सञ्चालन गरेका स्वास्थ्यका मुख्य कार्यक्रमका बारेमा जानकारी समावेश गरिने शर्माले बताउनुभयो । स्वास्थ्यका हरेक जानकारीहरु बुलेटिनमा समावेश हुने भएकाले सबैका लागि प्रभावकारी बन्ने कार्यालयका क्षयकुष्ट निरीक्षक देवप्रकाश घिमिरेले बताउनुभयो । आगामी महिनाको कार्ययोजनासमेत उल्लेख गरिने भएकाले सेवा लिन चाहने सर्वसाधारणका लागि पूर्वसूचनामा बुलेटिन महत्वपूर्ण हुने उहाँको बुझाइ छ । "कार्यालयले के काम गऱ्यो र अब के गर्दैछ भन्ने सम्पूर्ण जानकारी समावेश हुँदा बुझ्न र सेवा लिन/दिन सहज हुन्छ", उहाँले भन्नुभयो, "स्थानीय तहले कार्ययोजना बनाउनसमेत बुलेटिनले सहयोग गर्छ ।" सूचनामूलक बुलेटिन मासिक रुपमा अनिवार्य प्रकाशन गरिने कार्यालयले जनाएको छ । बुलेटिनलाई आगामी दिनमा परिष्कृत गर्दै लैजाने शर्माको भनाइ छ ।

**सार्वजनिक सूचना**

पर्वत जिल्ला कूर्घा गा.वि.स.-६ बस्ने याम कुमारी क्षेत्रीको नाममा रहेको साविक शिसुवा-१ हाल पोखरा महानगरपालिका वडा नं. २९ को कित्ता नं. १२२४१ को क्षेत्रफल ०-८-३-१ (२८०.१६) वर्गमिटर भएको जग्गामा घर निर्माण गर्ने क्रममा पश्चिम तर्फको कि नं. १२२१३ र दक्षिण तर्फको कि.नं. १२२१० का सधियारा फेला नपरेको हुदाँ उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सूचना**

कास्की जिल्ला सल्यान गा.वि.स.-२ बस्ने वन बहादुर गुरुङको नाममा रहेको साविक शिसुवा-२ हाल पोखरा महानगरपालिका वडा नं. २९ को कित्ता नं. ५१८७ को क्षेत्रफल ०-४-२-२ (१४७.०६ वर्गमिटर) भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ पर्ने कि. नं. १००९६, ६०४२ र दक्षिण तर्फ पर्ने कि.नं. ४७५९ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. ६ अन्नपूर्ण प्रा.वि. पछाडि पक्की पर्खाल निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम: अन्नपूर्ण प्रा.वि. पछाडि पक्की पर्खाल निर्माण
स्थान: पोखरा-६, कास्की
योजना सम्झौता मिति : २०७९/११/०८ गते
योजना सम्पन्न हुने मिति: २०७९/१२/२९ गते
योजनाको कुल लागत : रु. ६,०३,७९५.६९ ।-
वडा कार्यालयबाट प्राप्त हुने रकम : रु.५,००,००० ।-
जन सहभागितावाट : रु. ८८,२३५.२९ ।-
उपभोक्ता समिति अध्यक्ष: रविन्द्र कुँवर
सम्पर्क नं.: ९८६९१४१८७४
जम्मा उपभोक्ता समिति सदस्य:
७ जना महिला सदस्य: ४ जना

**अन्नपूर्ण प्रा. वि.**
**पोखरा-६, बैदाम**

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाव | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# लालीगुराँसले राताम्य सोलेडाँडामा पर्यटकको चहलपहल

रासस
बागलुङ, ६ चैत

सिरसिर हावा चलिरहने । चिरबिर-चिरबिर चराको आवाज आइराख्ने सोलेडाँडाको विशेषता हो। हरियाली वनपाखा। त्यसमाथि राताम्य फुलेका लालीगुँरासले यहाँ पुग्ने जोकोहीको मन लोभ्याउने गर्छ । बागलुङ र म्याग्दी जिल्लाको सिमाना रहेको सोलेडाँडामा अहिले गुराँससँग रम्नेको घुइँचोनै लाग्ने गरेको छ। लामो समयको घडेरीपछि केही दिनदेखि परेको सिमसिमे वर्षाले गुराँस फूल वनैभरि फुलेको छ।

वनैभरि फुलेका गुराँससँग रम्न बागलुङ र म्याग्दीबाट दैनिक आन्तरिक पुग्ने गरेका छन् । बाह्रै महिना पर्यटकले भरिने सोलेडाँडा यो समयमा कुनै पनि दिन खाली छैन । दुवै जिल्लाबाट मोटर बाटोले जोडिएको सोलेडाँडामा पर्यटक कतिपय गाडी लिएर त कति पैदलयात्रामार्फत यहाँ घुम्न आउने गरेका छन् । पुस माघमा हिउँले सेताम्य हुने यो ठाउँ यस वर्ष वर्षा नहुँदा हिउँ परेन । हिउँ नपर्दा खडेरीले सोलेडाँडा उराठिलो बन्यो। पर्यटक हिउँ खेल्न पाएनन्। पुस माघमा हिउँ खेल्न नपाएका पर्यटक यतिबेला गुराँस फूलसँग रमिरहेका छन् । बागलुङको दोस्रो व्यापारिक केन्द्र बुर्तिबाङ बजार नजिक रहेको सोलेडाँडामा पुग्ने सडक सहज हुँदा पर्यटकको आगमनमा बढेको पाइएको छ । केही दिनदेखि वनभोज, 'क्याम्प फायर' र पदयात्राका लागि टाढा-टाढादेखि पर्यटक आउने गरेको स्थानीय प्रेमबहादुर विकले बताउनुभयो । दुई हजार छ सय ३० मिटरको उचाइमा रहेको सोलेडाँडा घना जङ्गलको बिचमा हुँदा मनोरोगीलाई प्राकृतिक उपचारका उपयुक्त हुने उहाँको भनाइ छ। पछिल्लो समय प्राकृतिक उपचारका लागिभन्दा घुमफिर र रमाइलो गर्न आउने गरेको विकले बताउनुभयो । खासगरी बिदाका दिनमा शैक्षिक भ्रमणका साथै वित्तीय संस्थाका कर्मचारी वनभोजका लागि बढी आउने गरेको उहाँको भनाइ छ।

विक भन्नुहुन्छ, "गाउँपालिकाले सोलेडाँडामा ठूलो लगानी गरेर राम्रो बनाएको छ, तमान आउने सजिलै सोलेडाँडा पुग्न सक्छन्, पहिलेको जस्तो अप्ठ्यारो बाटो छैन, गाडीमै त्यहाँसम्म पुग्न सकिन्छ, अहिले त झन गुराँस फुलेर वनै ढोकेको छ, त्यसले गर्दा धेरै मान्छे रमाउन आउँछन्, होटल, रेष्टुराँको व्यवस्था छैन, त्यसले गर्दा उनीहरू घुम्ने फर्किने गर्छन् ।" गुल्मीको मुसिकोटबाट घुम्न आउनुभएका सुनिले घिमिरेले वनभरि फुलेको लालीगुराँसले मनै लोभ्याएको बताउनुभयो । सोलेडाँडा घुम्न दुई वर्ष अगाडि आएको सुनाउँदै पहिलेको तुलनामा अहिले धेरै परिवर्तन आएको बताउनुहुन्छ। पदयात्राका लागि सोलेडाँडा उपयुक्त गन्तव्य भएको भन्दै यहाँ पर्यटकीय संरचना निर्माण गर्नसके बाह्य पर्यटकलाई पनि भित्र्याउन सकिने उहाँको भनाइ छ । "सम्भवत यो बागलुङकै उच्च स्थान होला, पहाडको शिरमा यति सुन्दर समथर भाग वीरलै ठाउँमा हुन्छन् होला, हिमाल त आँखै अगाडि देखिँदो रहेछ", घिमिरेले भन्नुभयो, "केही पूर्वाधार त बनेका रैछन्, बाहिर पर्यटक ल्याउने हो भने यहाँ यतिले मात्रै पुग्दैन, यसलाई थप व्यवस्थापन गर्न जरुरी देखिन्छ, म त पटक-पटक आएँ, तर घुमेर धित्तै मरेन ।" सोलेडाँडा आफैँमा सुन्दर छ, त्यसमाथि देखिने हिमशृङ्खला र दर्जनौँ प्राकृतिक मनोरम दृश्यले धेरैलाई लोभ्याउने गर्छ। यहाँबाट बागलुङ र म्याग्दीका सयौँ गाउँसँगै धौलागिरि, धौलाश्री, माछापुच्छ्रे, मानापाथीलगायतका दर्जनौँ हिमशृङ्खलाको दृश्यावलोकन गर्न सकिन्छ । तमानखोला गाउँपालिका-४ मा पर्ने सोलेडाँडालाई उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले बताउनुभयो। अध्यक्ष बुढा मगरले पहिलोपटक निर्वाचित हुँदा सोलेडाँडाको विकासका लागि खाका तयार गरेको भन्दै अहिले विस्तारै यहाँ पूर्वाधार निर्माणका काम भइरहेको बताउनुभयो । आगन्तुकलाई लक्षित गरी यहाँ शौचालय र स्वच्छ खानेपानीको धारो निर्माण गरेको अध्यक्ष बुढा मगरको भनाइ छ। उहाँ भन्नुहुन्छ, "सोलेडाँडा तमानखोलाको मात्रै नभई समग्र जिल्लाकै उत्कृष्ट गन्तव्यमा पर्छ, विगतमा सरोकारवाला निकायको ध्यान पुगेको थिएन, हामी आएपछि केही परिवर्तन भएको छ ।" तमानखोला गाउँपालिकाले विभिन्न आन्दोलनमा ज्यान गुमाएका सहिदको सम्मानमा सोलेडाँडामा उद्यान निर्माण गरि सालिक स्थापना गरेको छ । गाउँपालिकाले प्रथम सहिद लखन थापा, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र दशरथ चन्दसहित सशस्त्र द्वन्द्वका बेला तमानखोलाबाट ज्यान गुमाएका दुर्गाबहादुर बुढा, प्रेम घर्तीमगर, ओमकार बुढा र गङ्गबहादुर पुनको सालिक स्थापना गरेको अध्यक्ष बुढा मगरले जानकारी दिनुभयो।

सोलेडाँडालाई अन्तर राष्ट्रिय पर्यटनसँग जोड्न घोडाबाँधेदेखि ताराखोला, दुरलेक हुँदै सोलेडाँडाबाट ढोरपाटन जोड्ने पदमार्गको सम्भाव्यता अध्ययन भइसकेको उहाँको भनाइ छ। राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग र सालभण्डी-ढोरपाटन सडकमार्फत बुर्तिबाङ बजार हुँदै सोलेडाँडा पुग्न सकिने हुँदा केही वर्षमै सोलेडाँडाले मुहार फेर्ने अध्यक्ष बुढा मगर बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, "सोलेडाँडा देशकै मुख्य धार्मिक तथा पर्यटकीय गन्तव्यको बीच भागमा छ, लोकमार्ग हुँदै ढोरपाटन र सालभण्डी हुँदै मुक्तिनाथ जाने पर्यटक यहाँ आउने सक्छन्, अझ मुक्तिनाथ जाने मुख्य सडक त सोले हुँदै म्याग्दी जोडिने छ, अहिले सडक कच्ची हुँदा बाहिरी पर्यटक भित्र्याउन सकिएको छैन, केही वर्षमै यहाँका सडक स्तरोन्नति भए भने यो ठाउँ विदेशीको रोजाइमा पर्ने अपेक्षा लिएका छौँ ।"

# असिनाले बाली नष्ट : किसान चिन्तित

पोखरापत्र संवाददाता
म्याग्दी, ६ चैत

चैतको सुरुआतसँगै झन्डै छ महिनापछि माटो भिज्नेगरी वर्षा हुँदा खुसी भएका म्याग्दीका किसान शनिबार परेको असिना पानीले बाली नष्ट गरिदिँदा चिन्तित भएका छन्।

लामो समयसम्म खडेरी परेका कारण हिउँदे खेतीबाली नसप्रेको अवस्थामा पाक्नै लागेको हिउँदेबालीसमेत असिनाले नाश गरिदिएपछि किसान चिन्तित भएका हुन् । म्याग्दीको बेनी नगरपालिका-३ भकिम्लीको चिनाखेत, डाँडाखानीलगायत जिल्लाका उच्च लेकाली क्षेत्रमा वर्षासँगै परेको असिनाले खेतीबालीमा क्षति पुऱ्याएको किसानले बताएका छन् । हिउँदे खडेरीमा दुःखले हुर्काएको बाली असिनाले चुटेर नष्ट गरिदिएको भकिम्लीका किसान भीमबहादुर थापाले बताउनुभयो।

शनिबार हिउँजस्तै जम्नेगरी असिना परेको र खेतबारीमा पाक्नै लागेको बाली सबै नष्ट गरिदिएको उहाँको भनाइ छ । खेतबारीमा लगाएको गहुँ, तोरी, केराउ, जौ, उवालगायत भित्र्याउने समय भएका हिउँदेबालीमा असिनाले क्षति गरेको छ। भर्खरै उम्रदै गरेको मकै, सिमी, आलु, काँक्रो, घिरौँला लगायतका तरकारी र बालीका बिरुवामासमेत क्षति पुगेको चिनाखेतका किसान श्याम पुनले बताउनुभयो।

त्यसैगरी सुन्तला जातका फलफूल र केरा खेतीमा पनि असिनाले क्षति पुऱ्याएको छ । असिनाले गरेको क्षतिको विवरण सङ्कलन भइरहेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । गएको असोज अन्तिम साता परेको वर्षापछि कात्तिक, मङ्सिर, पुस र माघ महिनाभर वर्षा नभएका कारण सिँचाइको सुविधा नभएका ठाउँमा गरिएको गहुँ, आलु, जौँ, फापर लगायतको खेती भने राम्रोसँग फस्टाउन नपाएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख किरण सिग्देलले बताउनुभयो । अलिअलि भएको बालीसमेत असिनाले नष्ट गरिदिँदा किसान मारमा परेको उहाँले बताउनुभयो । जिल्लामा सिँचाइ सुविधा पुगेको झन्डै पाँच हजार हेक्टर जमिनबाहेक अधिकांश स्थानका किसान भने वर्षाको भरमा निर्भर रहनुपर्ने अवस्था छ । वर्षा भएपछि चैते धान रोप्न र खेतबारीमा मकै बाली लगाउन पाउँदा असिना नपरेका ठाउँका किसान खुसी भएका छन् । "फागुन पहिलो साता रोप्नुपर्ने मकै अहिलेसम्म रोप्न सकिएको थिएन, पानीपरेसँगै खेतबारीमा मकै छर्ने चटारो छ", ज्यामरुककोटका किसान नारायण सापकोटाले बताउनुभयो। बारीमा मकै लगाउन, लहरेबालीलगायत विभिन्न तरकारी र बर्खे आलु लगाउन भने सहज भएको अन्य किसानको भनाइ थियो । शनिबार र आइतबार जिल्लाको धवलागिरि, मालिका, मङ्गला, रघुगङ्गा, अन्नपूर्ण र बेनी नगरपालिका गरी छवटै पालिकामा वर्षा भएको थियो । वर्षासँगै बेकामे बनेका किसान खेतबारीमा व्यस्त हुने भएका छन्।

कृषि ज्ञान केन्द्रका अनुसार खडेरीका कारण हिउँदे खेती उत्पादनमा ३५ देखि ४५ प्रतिशतसम्म कमी आएको छ। सबैभन्दा बढी तेलहन बालीमा असर परेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ। त्यसबाहेक गहुँ, फापर, जौलगायत मौसमी तथा बेमौसमी तरकारीबालीमा समेत असर परेको छ।

विगतका वर्षमा तीन/चार पटक हिमपात भइसक्ने म्याग्दीका उच्च लेकाली क्षेत्रमा यो वर्षभने चैत लागिसक्दा पनि हिमपात हुनसकेको छैन।

जिल्लाका गुर्जा, मुदी, टोड्के, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाका उच्च लेकाली क्षेत्रमा हिमपात नहुँदा पशुपालक किसानलाई समस्या भएको छ । बुकी र खर्कमा हिमपात नभएपछि घाँस पलाउन नसक्दा पशुपालक किसानलाई समस्या भएको हो । समयमा नै हिमपात नहुँदा लेकाली क्षेत्रमा लगाइएको आलुलगायत हिउँदेबालीको उत्पादनमा ह्रास आएको छ भने पशुली चरनको समस्या हुने देखिएको किसानले बताएका छन्।

# स्वीकृति नलिने पात्रो र भित्तेपात्रोलाई एक लाखसम्म जरिवाना गरिने

रासस
काठमाडौं, ६ चैत (रासस)

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको स्वीकृति नलिई प्रकाशन गरिने भित्तेपात्रो (क्यालेन्डर) र पात्रो (पञ्चाङ्ग) का सञ्चालकलाई रु १० हजारदेखि रु एक लाखसम्म कारबाही गरिने भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले समितिको आन्तरिक दिग्दर्शन, २०७९ स्वीकृत गरी विधिसम्मत रुपमा प्रकाशन नहुने भित्तेपात्रो र पात्रोका सञ्चालकलाई कानुनी कारबाही गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद्ले विसं २०७७ पुस २० गते समितिको गठन आदेश स्वीकृत गरी नेपाल राज्यभरबाट प्रकाशन हुने पात्रो र भित्तेपात्रोको स्वीकृति दिने अधिकार समितिलाई दिएको थियो । गठन आदेश सरकारले २०७८ साउनमा नेपाल राजपत्रमा प्रकाशन गरेको थियो । समितिको स्वीकृति नलिई प्रकाशन हुने पात्रो र भित्तेपात्रोको अनुगमन गर्न मन्त्रालयका संस्कृति महाशाखा प्रमुख सहसचिव डा सुरेशसुरस श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय केन्द्रीय अनुगमन समिति गठन गरिएको छ । समितिमा गृह मन्त्रालय, आन्तरिक व्यवस्था महाशाखाका उपसचिव भीमकान्त शर्मा, संस्कृति मन्त्रालयका उपसचिव पुण्यमाया गुरागाईं, समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेल र पञ्चाङ्गकार मुरारीराज पाण्डे सदस्य रहनुभएको छ । समितिले आवश्यकताअनुसार उपसमिति पनि गठन गर्न सक्ने व्यवस्था दिग्दर्शनमा गरिएको छ । दिग्दर्शनमा विद्युतीय पात्रो र भित्तेपात्रोले पनि समितिको स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ । अनुगमनका क्रममा स्वीकृति नलिएको पाइएमा कानुनअनुसार विद्युतीय पात्रो र भित्तेपात्रोलाई पनि कारबाही गरिने समितिका कार्यकारी निर्देशक ढुङ्गेलले बताउनुभयो । अनुगमन समितिले अनधिकृत रुपमा ७७ जिल्लाबाटै प्रकाशन हुने पात्रो र भित्तेपात्रोको अध्ययन गरी सूचना सङ्कलन गर्ने भएको छ । यसका लागि संस्कृति मन्त्रालयले गृह मन्त्रालयमार्फत ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई परिपत्र गर्ने तयारी गरेको छ । समितिमा हालसम्म आगामी वर्ष २०८० का लागि एक सय ५० भित्तेपात्रोले स्वीकृति लिएका छन्। हाल अनलाइनमार्फत स्वीकृति लिने भित्तेपात्रोको संख्या बढिरहेको कार्यकारी निर्देशक ढुङ्गेलले बताउनुभयो । समितिको स्वीकृति लिएर १५ वटा पात्रो भने गत माघमै प्रकाशन भइसकेका छन्।

# क्रिकेटमा बढ्दो आकर्षण : छैन पूर्वाधार

पोखरापत्र संवाददाता
दमौली, ६ चैत

पछिल्लो समय नेपालले क्रिकेट खेलमा उल्लेख्य प्रगति गरिरहेको छ । क्रिकेटमा खेलप्रेमीको कति समर्थन छ भन्ने कुरा लिग दुई अन्तर्गत कीर्तिपुरमा आयोजित नेपाल र युएइबीचको खेलमा उपस्थितिले पनि प्रमाणित गरेको छ।

तनहुँमा पनि पछिल्लो केही समययता क्रिकेट खेलतर्फ खेलाडीको आकर्षण बढ्दो छ । तनहुँका केही खेलाडीले जिल्लास्तर हुँदै गण्डकी प्रदेशको प्रतिनिधित्व गर्दै राष्ट्रियस्तरमा प्रधानमन्त्री क्रिकेट कप खेलिसकेका छन्। क्रिकेटखेलतर्फ आकर्षण बढेपनि जिल्लामा क्रिकेटको पूर्वाधार नहुँदा खेलाडी निराश छन्। तनहुँ क्रिकेटका कप्तान चन्द्रकान्त पौडेल भन्नुहुन्छ, "क्रिकेटमा खेलाडीको बढ्दो आकर्षण भए पनि क्रिकेट खेल्नका लागि मैदान छैन। यो दुःखद् पक्ष हो।" पूर्वाधार अभावकै कारण कतिपय खेलाडीले आफ्नो प्रतिभा प्रस्फुटन गर्न नपाएको पौडेलको गुनासो छ। "तनहुँ जिल्लामा क्रिकेट खेलका लागि एउटा राम्रो मैदान छैन, सम्बन्धित निकायले पनि यसतर्फ पहल नगरेको जस्तो देखिन्छ," उहाँले भन्नुभयो, "हामीले कहिलेकाहीँ प्रतियोगिता गर्दा अहिले जस्तो मैदान छ त्यस्तैमा गरिरहनुपरेको छ।"

दमौली पेलिकन्स क्लबले बेलाबेलामा क्लबस्तरीय क्रिकेट प्रतियोगिता आयोजना गरिरहेको छ। खेल मैदानकै अभावमा क्लबले व्यास नगरपालिका-५ पाटन फुटबल मैदानमा क्रिकेट गर्दै आइरहेको छ । "क्रिकेटमा राम्रो सम्भावना छ, तर पर्याप्त लगानी हुन सकिरहेको छैन । यसतर्फ सरोकारवालाको ध्यान जान जरुरी छ", पौडेलले भन्नुभयो। तनहुँका क्रिकेट खेलाडी समीर कँडेलले खेल्ने वातावरण भए आफूहरुले राम्रो खेल्न सक्ने बताउनुभयो । "पूर्वाधारको अभावमा पनि तनहुँ क्रिकेटमा अगाडि बढ्दैछ, पूर्वाधार निर्माण गरिदिए हामी राम्रो खेल्न सक्छौं," कँडेलले भन्नुभयो, "पूर्वाधार निर्माणमा सरोकारवालाले ध्यान पुऱ्याइदिए हुन्थ्यो ।" क्रिकेट खेलमा तनहुँले पछिल्लो समय प्रगति हासिल गर्न थालेको छ। तनहुँले हालसम्म दुई पटक उपाधि जितेको छ भने एक पटक उपविजेता भएको छ । यस वर्षको सुरुमा तनहुँले बागलुङमा सम्पन्न प्रतियोगितामा विजेता बन्दै रु एक लाख नगद जित्न सफल भएको थियो । त्यस्तै, प्रधानमन्त्री कप क्रिकेट छनोटमा तनहुँ गण्डकी प्रदेशको विजेता बनेको थियो । साथै, केही हप्ता अगाडि गैंडाकोटमा सम्पन्न मेयर कप क्रिकेट प्रतियोगितामा तनहुँ उपविजेता बन्न सफल भयो । पछिल्लो नौ खेलमा अपराजित रहेको तनहुँले गैंडाकोटमा भएको मेयर कपको फाइनलमा चितवनसँग मात्रै हार बेहोरेको थियो । यसअघि तनहुँले बागलुङलाई दुई, कास्कीलाई एक, नवलपुरलाई दुई, स्याङ्जालाई दुई, पर्वतलाई एक पटक पराजित गरिसकेको छ । तनहुँमा क्रिकेटतर्फ आकर्षण बढेपनि पूर्वाधार अभावका कारण खेलाडीमा निराशा उत्पन्न हुनु स्वभाविक ठान्नुहुन्छ क्रिकेट सङ्घ तनहुँका अध्यक्ष ताराराम श्रेष्ठ । तनहुँमा व्यवस्थित क्रिकेट मैदान निर्माण गर्नेतर्फ क्यानले सोचेको श्रेष्ठ बताउँनुहुन्छ।

"क्रिकेटतर्फ निकै आकर्षण छ, क्रिकेटले नै नेपालको नाम राख्न सफल भएको छ", श्रेष्ठले भन्नुभयो, "तनहुँमा क्रिकेट मैदान नभएर ठूलो समस्या परिरहेको छ।" क्रिकेटको विकासका लागि क्यान तनहुँ लागिपरे पनि मैदानकै कारण सोचेजति विकास हुननसकेको श्रेष्ठले बताउनुभयो।

तनहुँमा क्रिकेट मैदान निर्माण गर्नुपर्छ भनेर आफूहरुले प्रदेश तथा केन्द्रमा आवाज उठाउँदै आएको श्रेष्ठ बताउनुहुन्छ । "ठाउँ खोज्न सकिए प्रदेशले मैदान निर्माणमा सहयोग पर्ने प्रतिबद्धता जनाएको छ, व्यास नगरपालिका-५ को मैदानलाई क्रिकेट मैदान बनाउन सकिन्छ की भनेर वडामा पनि कुरा गरिरहेका छौँ", श्रेष्ठले भन्नुभयो।

पाटनको मैदानमा बेलाबेलामा क्रिकेट खेलाइने गरे पनि त्यसलाई दीर्घकालीन रुपमा नै क्रिकेट मैदान बनाउन वडाको तर्फबाट सहमति भए क्यानले त्यहाँ व्यवस्थित खेलमैदान बनाइदिने श्रेष्ठले बताउनुभयो।


## मोटर साईकल बिक्रीमा

समुदायमा आधारित पुनर्स्थापना सेवा (सिबिआरयस), नेपालको स्वामित्वमा रहेको ग.५.प. ४५५ टिभियस कम्पनीको मोटरसाईकल लिलाम बिक्रीमा रहेको हुँदा इच्छुक आवेदकहरुले न्यूनतम रु.२५,०००/- (अक्षेरुपी पच्चीस हजार) वा सो भन्दा बढी दर भाउँ कायम गरि यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र शिलबन्दी खाम सहितको निवेदन दिनुहुन आव्हान गरिन्छ।

सम्पर्क : पोखरा ९, नयाँबजार, पोखरा
फोन नं. : ०६१-५३७३२६
इमेल : cbrsnepal@gmail.com


## मादी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०७९/१२/०७ गते

यस कार्यालयको मिति २०७९/११/१६ गतेको "पोखरापत्र राष्ट्रिय दैनिक" पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि Hard Copy मार्फत आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका सिलबन्दी दरभाउहरु मध्येबाट तपशिल बमोजिमका बोलपत्रदाताको सिलबन्दी दरभाउ न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (Excluding V.A.T. and P.S) | कैफियत |
|---|---|---|---|---|
| 15/MRM/SQ/ORK/2079/080 | Renovation Of ward no-6 Office Building | Two Arrows Architects,Pokhara-10, Kaski,Nepal | NRs.5,98,458.70 /- | |

प्रमुख प्रशासकीय अधिकृत